# शिक्षा लेख सँगालो

*(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)*

वर्ष २, अङ्क १३, २०६१ जेठ (May 2004)

## यस अङ्कमा


| | | | |
|---|---|---|---|
| १) | **वैधता नपाएको शिक्षा** | **भूपराज खड्का** | **पृष्ठ २** |
| २) | **संस्कृत शिक्षाप्रतिको उदासिनता** | **केशवशरण लामिछाने** | **पृष्ठ ३** |
| ३) | **सेमिनारमा नसमेटिएका आवाजहरू** | **एम.डी. कुलुङ** | **पृष्ठ ४** |
| ४) | **सहरमै साघुरिएको अभियान** | **पुरुषोत्तम सुवेदी** | **पृष्ठ ५** |


शिक्षालाई अरू क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् समाचारपत्रहरू। यद्यपि शिक्षामा स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ। *शिक्षा पत्रकार समूह* ले यही अभावलाई महसूस गरेर पत्रपत्रिका र अन्य सञ्चार माध्यमलाई निरन्तर रूपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सँगालो उपलब्ध गराउने अभियान थालेको हो। विभिन्न सञ्चार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रूपमा सक्रिय पत्रकारहरूमार्फत् सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ। हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनुभयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौं। यस सँगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ। प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यवसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ। स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ। यो फिचर सेवा ***एक्सनएड नेपाल***को आर्थिक सहयोगमा तयार भएको हो।

***शिक्षा लेख सगालो इमेलमा उपलब्ध छ। इमेल प्राप्त गर्नको लागि सम्पर्क गर्नुहोला।***

**सम्पादन : राजाराम गौतम**

**पत्राचारका लागि हाम्रो ठेगाना**

**शिक्षा पत्रकार समूह**

**पो.व.नं. २१८४३, फोनः ४२५७६५५**

**फ्याक्सः ४२१८६८६, अनामनगर, काठमाडौं।**

**इमेल :** ejg@ntc.net.np, or letter@ejgroup.org

**वेवसाइट :** www.ejgroup.org

# वैधता नपाएको शिक्षा

● भूपराज खड्का

हाम्रो मुस्लिम समुदायमा छोरीलाई स्कुल पठाउन खोजिदैंन । तर नारी शिक्षाविना न देश विकास हुन्छ न त त्यहाँको राजनीति नै । त्यसैले छोरीलाई अनिवार्य रुपमा पढ्न पठाऔं ।'

मुस्लिम समुदायकी सकिला खातुन आफूले झैं अरु मुस्लिम चेलीले पनि पढ्न पाउनुपर्छ भन्ने वकालत गर्दै थिइन् । पर्सा जिल्लाको कोवाबत कटैया गाविसमा रहेको नुरुल ओलुम इस्लामिया नामक मद्रसामा ५ कक्षामा पढ्दै गरेकी सकिलाले एक महिना अगाडि त्यहीं आयोजित कार्यक्रममा नेपाली भाषामा बोल्दै अझै अगाडि थपिन्, "शिक्षाको महत्व नबुझेकाले छोरीलाई पढाउन नखोजिएको हो ।" सकिलाले गाउँलेलाई अर्ति दिने शैलीमा किन पनि बोलिरहेकी थिइन् भने उनका सबै भाइबहिनी त्यहीं अध्ययनरत थिए र जेठी दिदीले त एसएलसीसम्मको अध्ययन पुरा गरिसकिसकेकी छिन् । कार्यक्रममा उनका साथीहरू जवाहर अन्सारीले अंग्रेजीमा र अरबी मियाले हिन्दीमा बोलेर बालबालिकालाई स्कुल पठाउनै पर्ने बताए ।

नुरुल ओलुम इस्लामियामा अहिले ८३ बालबालिकासहित दुई सय पचास जना विद्यार्थी अध्ययनरत छन् । जसमध्ये १ सय ३५ जना टुहुरा' बालबालिका पढिरहेका छन् । उर्दु, नेपाली, अंग्रेजी र हिन्दीमा पढाइ हुने गरेको सो मद्रसा स्थानीय समुदायबाट जुटाइने रकमले सञ्चालित छ । मद्रसाका शिक्षक अरबी खातुनका अनुसार, समुदायबाट वार्षिक पाँच लाख विद्यालय संचालनका निम्ति उठ्ने गर्छ । मुस्लिम समुदायका बालबालिका पढ्ने यो मद्रसाको शैक्षिक गतिविधि र वातावरण कुनै सरकारी विद्यालयभन्दा कम छैन । तर पनि यसलाई सरकारले वैधानिक सूचीमा राखेको छैन ।

समुदायको सहयोगमा चलेको प्राथमिक तहको मद्रसामा विद्यार्थी संख्या राम्रै छ । सो मद्रसाले सरकारी मान्यता नपउनाले समुदाय, शिक्षक, विद्यार्थी चिन्तित छन् । मद्रसाका शिक्षक अरबी खातुन भन्छन्, "मद्रसालाई जिल्ला शिक्षा कार्यालयले शैक्षिक संस्थाको रुपमा दर्ता नगर्दाको असर सबैभन्दा धेरै विद्यार्थीले खेप्नुपरेको छ ।" मद्रसा पढेका विद्यार्थीलाई सरकारी विद्यालयमा भर्ना लिने गरिएको छैन । एक हिसाबले भन्नुपर्दा धेरै मुस्लिम बालबालिका औपचारिक शिक्षाबाट वञ्चित छन् ।

यो पर्साको एउटा मद्रसाको मात्रै समस्या भने होइन, देशव्यापी रुपमा रहेका ३ सय जति मद्रसालाई सरकारले कानुनी मान्यता दिएको छैन । तर, एकाध मद्रसा चाहिं राजनीतिक वा प्रशासनिक पहुँचका हिसाबले दर्ता भएका छन् । जस्तोः काठमाडौंको घण्टाघरसँगै रहेको जामे मस्जिद परिसरभित्रको मद्रसा इस्लामिया संस्थागत विद्यालयको रुपमा दर्ता पाएर संचालित भइरहेको प्रिन्सिपल न्याहद अहमत बताउँछन् । तनहुँमा रहेका आधा दर्जन जति मद्रसालाई ०५२/५३ मा तत्कालीन शिक्षामन्त्री गोविन्दराज जोशीको तोक आदेशमा मात्र गरिएनन् कि ती विद्यालयले सरकारी अनुदान समेत पाएका छन् । यस घटनालाई हेर्दा मद्रसाप्रति सरकारी नीति नियममा एकरुपता नभएको प्रष्ट हुन्छ ।

सरकारले मुस्लिम समुदायका बालबालिका पढ्ने मद्रसालाई कसरी कानुन दायरामा ल्याउने भन्ने विषयमा कानुनी व्यवस्था गरेको छैन । उता मुस्लिम समुदायले भने मद्रसालाई सरकारले शैक्षिक संस्थाको मान्यता दिनुपर्ने माग गरिरहेका छन् । शिक्षा विभागका निर्देशक जनार्दन नेपालका अनुसार मद्रसा र गुम्बालाई शैक्षिक संस्थाको रुपमा मान्यता दिने कि नदिने भन्ने विषयमा गृहकार्य भइरहेको छ । यसअघि २०५१ सालमा नेकपा एमालेको नौ महिने शासन अवधिमा महमद आलमको संयोजकत्वमा मद्रसाबारे अध्ययन गर्न एउटा छुट्टै समिति बनाइएको थियो । सो समितिले मद्रसाहरूको अनुगमन गर्न एउटा छुट्टै बोर्डको व्यवस्था र त्यही बोर्डको सिफारिसमा मद्रसा सञ्चालनको अनुमति दिन सकिने व्यवस्था गर्न सुझाव दियो । एमालेको सरकार नौ महिनामा ढलेपछि अर्को सरकारले त्यो सुझाव ग्रहण गरेन ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकका परामर्शदाता हमिद अन्सारी मद्रसाले कानुनी मान्यता नपाउनुमा मुख्यतः नीति निर्मातामा रहेको हिन्दुत्वको मनस्थितिका मुख्य जिम्मेवार रहेको बताउँछन् । फेरि सरकारी अधिकारीहरू मद्रसाको आर्थिक स्रोत साउदी अरब या अरु कुनै मुस्लिम राष्ट्रबाट धर्म विस्तारका निम्ति लगानी भइरहेको आरोप समेत लगाउँछन् । तर अन्सारी भने त्यसको प्रतिवाद गर्दै भन्छन्, "दश घरमात्रै

मुसलमान एकै ठाउँमा छ भने त्यहाँ कुरान, उर्दु भाषा, कानुन र दैनिकीको विषयमा पढाउने व्यवस्था त्यही समुदायले गर्छ ।"

एकातिर सरकार समुदायलाई विद्यालयको व्यवस्थापन हस्तान्तरण गरिरहेको छ भने अर्कोतर्फ समुदायले नै संचालन गरेका मद्रसालाई स्वीकार्न सकिरहेको छैन। त्यस्तै २०१५ सम्ममा सबैलाई शिक्षा दिने प्रतिबद्धतामा मातृभाषामा शिक्षा दिइने कार्ययोजना समेत बनाइएको छ। २००५ सम्ममा ११ भाषाको पाठ्यक्रम निर्माण र बहुभाषिक प्राथमिक शिक्षालाई विकास गर्ने, २००८ सम्ममा मातृभााषका पाठ्यपुस्तकको निर्माण गर्ने लक्ष्य लिएको छ। २०१३ सम्ममा त सबै भाषा पाठशाला स्थापना गर्ने लक्ष्य सरकारको छ। भाषा पाठशाला खोल्ने लक्ष्य लिएको सरकार मुस्लिम भाषीले संचालन गरिरहेका समुदायप्रति उदार देखिएको छैन । जुन कुरा नेपालका शिक्षाविद्हरुले समेत रुचाएका छैनन् । उनीहरू गैरनेपाली मातृभाषी विद्यालयलाई एउटै नीतिमा ल्याई सबैका लागि शिक्षा अभियानमा सरिक गराउनुपर्ने बताउँछन्। शिक्षाविद् डा. विद्यानाथ कोइरालाको भनाईमा यस्ता विद्यालयलाई प्रोत्साहन दिई कानुनी झन्झटमुक्त पार्नुपर्छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

)()(

## संस्कृत शिक्षाप्रतिको उदासिनता

● **केशवशरण लामिछाने**

विद्यार्थीलाई उल्टै पैसा दिने विद्यालयमा समेत विद्यार्थी संख्या न्यून छ भन्दा पत्याउन गाह्रो पर्छ। पोखराको एउटा संस्कृत माविको अवस्था बुझेपछि यो वास्तविकता पत्याउन करै लाग्छ ।

प्रसंग पोखराको बगरास्थित संस्कृत माविको हो । जहाँ पढेवापत् भत्ता दिंदा पनि पढ्ने विद्यार्थी छैनन् । त्यही स्कुलको जग्गा भाडामा लिएर चलेको न्यू लिटिल स्टेप बोर्डिङ्गमा चाहिं विद्यार्थीको चाप बढ्दो छ । बोर्डिङ स्कुल विद्यार्थीबाट महिनैपिच्छे शुल्कस्वरुप पैसा उठाउँछ भने संस्कृत मावि आफ्नो विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई महिनैपिच्छे भत्ता स्वरुप पैसा बुझाउने गर्छ ।

यस्तो हुँदाहुँदै पनि पैसा दिने विद्यालयमा भन्दा पैसा तिर्नुपर्ने विद्यालयमा विद्यार्थी चाप बढ्नुको कारण यी दुई विद्यालयमा पढाई हुने विषय र पाठ्यक्रमको अन्तर नै हो। बोर्डिङ स्कुलहरूले अंग्रेजी माध्यममा पढाउँछन् भने संस्कृत माविमा संस्कृतलाई विशेष जोड दिइन्छ ।

विक्रम सम्वत्को १९५८ मा स्थापना भएको संस्कृत मावि कास्की कै पहिलो विद्यालय हो। स्थापनाको लामो इतिहास बोकेको विद्यालयमा विद्यार्थी चाप वर्षैपिच्छे घट्दै आएको छ। विद्यार्थी घट्दै आएपछि विद्यार्थीहरूलाई विशेष सुविधा स्वरुप भत्ताको आकर्षण विद्यालय आफैंले सुरु गरेको हो ।

संस्कृत माविमा पढ्ने कक्षा ८, ९ र १० का विद्यार्थीहरूले तीन वर्षयता भत्ता समेत पाउँदै आएका छन् । तर पनि चालु शैक्षिक सत्रको कक्षा १० मा पढ्ने विद्यार्थीहरूको संख्या केवल पाँच छ। प्रधनाध्यापक दामोदर बाँस्तोलाका अनुसार विद्यालयभरीमा कूल विद्यार्थीको संख्या पनि केवल १ सय ८५ मात्रै छ। क्रमशः ८, ९ र १० मा पढ्ने विद्यार्थीहरूले मासिक १, २ र ५ सय भत्ता पाउँछन् ।

यो विद्यालयले उपलब्ध गराउने भत्ता सुविधामा श्री ५ को सरकार र वा अन्य कुनै अन्तर्राष्ट्रिय दातृ संस्था तथा गैरसरकारी संस्थाको सहयोग छैन। विद्यालयले आफ्नै स्रोतबाट यो सुविधा उपलब्ध गराएको हो। यो विद्यालयले विद्यार्थी भत्ताकै लागि मात्रै ८० हजरभन्दा बढी खर्च गरिसकेको छ। १४ शिक्षकमध्ये १२ जनाको मात्रै शिक्षा कार्यालयले तलब सुविधा उपलब्ध गराउँछ। अरु २ जनालाई विद्यालयले आफ्नै स्रोतबाट वेतन खुवाउँदैक आएको छ ।

विद्यार्थी संख्या बढाउन शैक्षिक सत्रको सुरुवातताका विद्यार्थीलाई भर्नाका लागि आह्वन समेत गर्ने गरिएको छ। तर पनि आकर्षण बढेन। कक्षा १ देखि १० सम्म पढाइ हुने यो विद्यालयमा अन्य सरकारी स्वामित्वका विद्यालयहरूमा सहर अनिवार्य नेपाली, अंग्रेजी, गणित र विज्ञान जस्ता सबै महत्वपूर्ण विषयको पढाई हुन्छ।

तर त्यसबाहेक पनि थप संस्कृतका केही विषय पनि छन्। अन्य विद्यालयमा पढाइने जनसंख्या तथा वातावरणको सट्टामा यहाँ संस्कृत पढाइन्छ।

संस्कृत माविले विद्यार्थीलाई मासिक भत्ता मात्रै होइन निःशुल्क भर्ना समेत गर्दै आएको छ। त्यसबाहेक निःशुल्क नै छात्राबासको सुविधा उपलब्ध छ। छात्रावासमा समेत क्षमता अनुसारका विद्यार्थी पुगेका छैनन्। तीन दर्जन क्षमताको छात्रावासमा अहिले आधा दर्जन मात्रै विद्यार्थी बस्छन्। छात्रावासमा बस्न चाहने विद्यार्थीलाई खाट टेबुल लगायतका फर्निचर समेत उपलब्ध छ। खाना खर्च मात्रै आफैंले व्यहोरे पुग्छ। तर पनि छात्रावासले समेत क्षमता अनुसारका विद्यार्थी भेट्न सकेको छैन। प्रधानाध्यापक बास्तोला विद्यालयमा भएका विद्यार्थीको थप १ प्रतिशतभन्दा बढी संख्या बढे पनि अहिले उपलब्ध सेवा सुविधा उनीहरूलाई समेत उपलब्ध गराउन सक्ने विद्यालयको स्रोत रहेको बताउँछन्।

“संस्कृत शिक्षाको आफ्नै कमजोरी केही छैन कमजोरी त सरकारको हो।” प्रअ बास्तोला भन्छन्, “संस्कृतको क्षेत्र विस्तार नगरिनु नै सरकारको गल्ती हो।” उनकै शब्दमा संस्कृत पढेका विद्यार्थीले गर्ने बाटो केही नहुँदा यो शिक्षाप्रति चाख हराएको हो। संस्कृत माविमा पढेका विद्यार्थीले परम्परागत संस्कार विवाह, ब्रतबन्धदेखि सप्ताहलगायतका कार्य सम्पन्न गर्न सक्छन्। पोखरामै संस्कृतको उच्च शिक्षाको समेत पढाइ हुन्छ। “तर यो शिक्षामा उच्च शिक्षा हासिल गरेर गर्ने कार्य भने केही छैन। त्यसैले कसैको आकर्षण नभएको हो,” प्रअको ठम्याई छ।

संस्कृत शिक्षालयमा एउटा राम्रो पक्ष भने देखिएको छ। त्यो हो संस्कृत शिक्षामा दलितको सहभागिता। कक्षा १०का ५ जनामध्ये सबै दलित छन्। कथित अछुत जातिले संस्कृतका शब्द उच्चारण समेत गर्नु हुन्न भन्ने नेपाली समाजको एउटा संस्कृत विद्यालयमा दलित जातिका विद्यार्थीले पढ्नु भने सकारात्मक र रोचक पक्ष नै छ। प्रधानाध्यापक बाँस्तोलाका अनुसार त विद्यालयका कूल विद्यार्थीमध्ये नै दलित जातिको संख्या ८० प्रतिशतभन्दा बढी छ।

संस्कृत माविको कक्षा १० मा पढ्ने पूर्ण नेपाली भविष्यमा पनि संस्कृतमै उच्च शिक्षा लिने लक्ष्यमा छन्। आइतीमाया परियारको पनि पूर्णकै जस्तो लक्ष्य छ “हामीपनि संस्कृत पढ्न सक्छौं भनेर देखाउन चाहन्छौं।” तर पढ्न सक्छौं भनेर देखाएर मात्रै केही नहुने शिक्षाको व्यवहारमा प्रयोग गर्न पाउनुपर्ने कुरामा उनीहरू दुवै उत्तिकै चिन्तित पनि छन्। संस्कृत शिक्षा बन्द गरिनुपर्ने दवाव पनि बेलाबेलामा खेपिरहनुपरेको छ यो विद्यालयले। तर पनि यो भाषाको जगेर्ना र संरक्षण गर्नैपर्ने कुरालाई विद्यालयले गायत्री मन्त्र झैं जप्न भने छाडेको छैन।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

## सेमिनारमा नसमेटिएका आवाजहरू

**● एम.डी. कुलुङ**

द्वन्दबाट विस्थापित बालबालिकालाई शिक्षा दिलाउने नाममा राजधानीमा थुप्रै गोष्ठी र बैठक भइसकेका छन्। र, अरु धेरै हुँदैछन्। तर कालिकोटका द्वन्द पीडित बालक वीरेन्द्रबहादुर सिंहलाई यसबारे कुनै पत्तो छैन। माओवादीका कारण तीन वर्षअघि कालिकोटको ओदानकुबाट बाबुआमासँगै राजधानी विस्थापित भएका १० वर्षीय सिंहको पढाइ बीचैम छुट्यो। उनीसँगै उनका दुई बहिनीहरू पनि अहिले धुलो खेलेरै भक्तपुरको एउटा इट्टाभट्टामा दिन बिताउँछन्।

रुकुम पोखराकी भावना विकको हालत उस्तै छ। उनले गाउँ छाडेको ४ वर्ष बितिसक्यो। गाउँमा २ कक्षामा पढ्दापढ्दै उनीहरूको घर माओवादीले कब्जा गरेपछि आमाबाबुसँगै उनी सुरुमा जिल्ला सदरमुकाम त्यसपछि काठमाडौं पलायन भइन्। ११ वर्ष पुगेकी भावना आमाबाबुलाई इट्टा सुकाउन सघाउँछिन्।

उता माओवादीले भनेजति चन्दा दिन नसकेकाले नुवाकोटको दाडसिङबाट विस्थापित भएकी चिनमाया न्यौपानेले आफ्ना दुई छोरालाई पढाउन सकेकी छैनन्। दीर्घरोगी पतिको स्याहारसुसार र बालबच्चालाई गाँस जुटाउन उनी पनि भक्तपुरको इट्टाभट्टामै काम गर्छिन्।

अहिले माओवादी द्वन्दको प्रभाव फराकिलो हुँदै जाँदा विभिन्न जिल्लाबाट काठमाडौं विस्थापित हुनेहरूको संख्या बढ्दो छ। विशेष गरेर माओवादी अत्यधिक प्रभावित जिल्लाबाट काठमाडौं विस्थापित परिवार र तिनका बालबच्चाको बिचल्ली मुख्य रुपमा राजधानीका ईंट्टाभट्टामा देख्न सकिन्छ। रुकुम, रोल्पा जस्ता ठाउँबाट विस्थापित धेरैजसो हम्मेसी आफ्नो सही नाम र ठेगाना बताउन चाहदैंनन्, कारण माओवादीका डरले भागेका तिनलाई रोल्पा या रुकुमबासी भएकै कारण सरकारले समेत दुःख देला भन्ने डर हुन्छ।

स साना बालबालिकासँगै विस्थापित भएका द्वन्द प्रभावित जिल्लाका कतिपय अभिभावकले आफ्ना सन्तानलाई शिक्षा दिनसकेका छैनन्। मुख्य रुपमा सबैको समस्याउही पेट पाल्न नै हुने गरेको छ। दुई सन्तानका पिता रुकुमका वीरबहादुर सिंह भन्छन्, "हाम्रो पहिलो समस्या गाँस, त्यसपछि बास अनि कपास हो। पढाउने प्राथमिकता धेरै पछाडि पर्छ।"

सन्तानको पढाईलाई पछिल्लो प्राथमिकता बनाउन अरु धेरै परिवार बाध्य छन्।नेपाल माओवादी पीडित संघको अनुमानमा राजधानीमा मात्रै २५ सय परिवार विस्थापित छन्। सरदर एउटा परिवारमा तीन जनाको अनुपातले हिसाब गर्दा पनि कम्तीमा ७५ सय बालबालिका राजधानीमा विस्थापित छन्। नेपाल माओवादी पीडित संघका अध्यक्ष धर्मराज न्यौपानेका अनुमानमा राजधानी विस्थापित ३० प्रतिशत द्वन्द पीडित बालबालिका पढाइबाट वञ्चित हुनुपरेको छ। जिल्ला सदरमुकाममा र भारत विस्थापित परिवार र तिनका बालबालिका त झन् कति होलान् ? कसैसँग पनि तथ्यांक छैन। उनीहरूको शिक्षाप्रति त्यतिसारो चासो सरकारी या गैरसरकारी क्षेत्र दिएको पाइन्न।

केही गैरसरकारी संघसंस्थाले थोरै द्वन्द पीडित बालबालिकालाई छात्रवृत्ति दिएका छन्। जस्तोः कन्सर्न नेपाल, सिविन आदिले त्यस्ता पीडित बालबालिकालाई सहयोग गरेका छन्। सन् २००३ मा सिविनले द्वन्दबाट प्रभावित करिब दुई हजार बालबालिकालाई शैक्षिक सामाग्री सहयोग गरेको थियो। सो संस्थाका तारक धितालका अनुसार राजधानी बाहिरका प्राथमिक तथा निम्न माध्यमिक तहका विद्यार्थीलाई सहयोग स्वरुप पाठ्यपुस्तक, कापीकलम, विद्यालय पोशाक र विद्यालय शुल्क समेत सहयोग गरिएको थियो।

त्यसो त सरकारले पनि द्वन्द पीडित बालबालिकाको पढाइका निम्ति खर्च नछुट्याएको होइन। उसले आफ्ना स्थानीय निकायमार्फत् द्वन्दको चपेटामा परेका बालबालिकालाई छात्रवृत्ति दिने गरेको छ। आगामी आर्थिक वर्षदेखि चाहिं केन्द्रीय तहबाटै पनि द्वन्दमा बाबुआमा गुमाएका टुहुराहरूलाई छात्रवृत्ति दिने योजना शिक्षा मन्त्रालयले गरेको छ। शिक्षा विभागका प्रमुख जनार्दन नेपाल भन्छन्, "हामीले द्वन्दका कारण विस्थापित तथा पीडित बालबालिकालाई आउँदो वर्षदेखि वार्षिक ६ सय छात्रवृत्ति प्रदान गर्ने निर्णय गरेका छौं।"

यस्ता केही छिटफुट रुपमा द्वन्द पीडित बालबालिकाको शैक्षिक सहयोगका निम्ति रकम छुट्याइए पनि सरकारले भित्री चासो दिएर यस्ता बालबालिकालाई शिक्षाको पहुँचभित्र ल्याउन सोचेको देखिदैंन। तर सरकारी तथा गैरसरकारी प्रयासमा द्वन्द पीडित बालबालिकालाई शिक्षाको मुलधारमा समेट्ने नाममा ठूलठूला होटलमा सेमिनार र गोष्ठी चाहिं भइरहेकै छन्।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

)()(

# सहरमै साघुरिएको अभियान

**● पुरुषोत्तम सुवेदी**

ताहाचल बस्ने धादिङका केशव बाँस्कोटा टेकुको एउटा सिमेण्ट गोदाममा काम गर्थे। बाबुआमाको ज्यालादारीले ७ जनाको परिवार पालिन धौ धौ परेपछि उनले कलमको सट्टा बाध्य भएर ज्यावल रोज्नुपर्‍यो। तर अहिले परिस्थिति बदलिएको छ। कन्सर्न नेपाल नामक गैरसरकारी संस्थाले पढाइको खर्च व्यहोरेपछि शिक्षाबाट वञ्चित हुनु नपरेका बालबालिकाको सरकारी सूचिमा उनको नाम पनि चढेको छ।

गत महिना काठमाडौंमा मनाइएको 'शिक्षाका लागि विश्वव्यापी अभियान सप्ताह' मा केशव जस्तै थुप्रै विद्यार्थी सहभागी थिए। बाल भरिया, गिटी कुट्ने, चिया पसलमा काम गर्ने, घरेलु कामदार आदिले शिक्षा पत्रकार समूहको हलमा भएको एउटा अन्तर्क्रियामा भने, "अझै पनि थुप्रै ग्रामीण बालबालिकाले पढ्न पाइरहेका छैनन्। सरकारले तिनीहरूबारे सोच्नुपर्‍यो।"

वैशाख ७ गतेदेखि सुरु भएको सो अभियानले प्रधानमन्त्री समक्ष सुलभ र गुणस्तरीय शिक्षा सबैका लागि हुनुपर्ने माग राख्यो। यूनिसेफले विभिन्न जिल्लाका २० हजार बालबालिकाबाट संकलन गरेको सन्देश पत्र प्रधानमन्त्रीलाई बुझायो। कन्सर्न नेपाल र सिविनको संरक्षणमा रहेका केही बालबालिकाले प्रधानमन्त्री सूर्यबहादुर थापासँग अन्तर्क्रिया नै गर्ने मौका पाए।

सप्ताहव्यापी अभियानका क्रममा सबैका लागि शिक्षाको लविङ्ग गरिरहेका विभिन्न गैरसरकारी संस्थाहरूको पहलमा राजनीतिक नेतासँग अन्तर्क्रिया, स्कुल भर्नासम्बन्धी चेतनामूलक अभियान, स्कुल बाहिरका बालबालिकाको नक्साङ्कन आदि थुप्रै कार्यक्रम गरिए। केन्द्रीय स्तरमा भएको सप्ताहव्यापी अभियानका क्रममा कम्तिमा साँढे तीन लाख खर्च भएको जानकारी ग्लोबल मार्च क्याम्पेनले दिएको छ।

सप्ताहव्यापी अभियानको लविङ्ग गर्ने संघसंथाले चाहिं शिक्षाका लागि विश्वव्यापी सप्ताह सफल रहेको बताएका छन्। यूनिसेफका डा. सुमन तुलाधर शिक्षाको लागि विश्वव्यापी सप्ताह अभियान सफल रहेको बताउँछन्। भन्छन्, "यो सप्ताहको सवल पक्ष बालबालिकाले आफ्नो शिक्षाप्रति देखाएको चासो र द्वन्दका कारण प्रभावित बालबालिकाप्रति सबै पक्षले देखाएको सम्वेदनशीलता हो।"

शिक्षा विभागका निर्देशक जनार्दन नेपाल, सरकार २०१५ सम्म सबैका लागि शिक्षा दिन लागिपरेको बेला सम्पन्न सप्ताहले सरकारी नारालाई अझै व्यापक बनाएको ठान्छन्। शिक्षाका लागि विश्वव्यापी अभियान सप्ताहका आयोजकहरू एक्सन एड नेपाल, कन्सर्न नेपाल, नेपाल राष्ट्रिय शिक्षक संगठन, प्लान नेपाल, सिविन, सेभ द चिल्ड्रेन यूएस, सेभ द चिल्ड्रेन नर्वे र शिक्षा पत्रकार समूह थिए। सप्ताहमा यूनिसेफ, यूनेस्को, आएलओ, जिटिजेट र शिक्षा मन्त्रालयको सक्रिय सहभागिता थियो।

सरकारी तथ्यांक अनुसार, नेपालमा अझै पनि ६ देखि १० वर्षभित्रका ६ लाखभन्दा बढी बालबालिका विद्यालय बाहिर रहेका छन्। माओवादी द्वन्दका कारण ४० हजार बालबालिका प्रत्यक्ष प्रभावित छन्। बाध्यात्मक श्रम गरिरहेका बालबालिकाको अनुमानित संख्या २६ लाख छ।

शिक्षाविद् डा. विद्यानाथ कोइराला भन्छन्, "सहरी तामझामको सट्टा निरक्षर ग्रामीण समुदायसम्म कार्यक्रम पुगेको भए वेस हुन्थ्यो।"

बालबालिकालाई शिक्षा पहुँचभित्र ल्याउने र गुणस्तरीय शिक्षा दिने प्रतिबद्धता सरकारी र गैरसरकारी क्षेत्रले गर्‍यो। सप्ताहव्यापी रुपमा बालबालिकाका नाममा लविङ्ग' समेत भए। तर के कक्षा ६ मा पढ्दै गरेका केशव बाँस्कोटाले भनेझैं आगामी दिनमा विद्यालय बाहिर रहेका थुप्रै बालबालिका सरकारी कार्यक्रममा समेटिएलान् त ?

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*